在職家庭及學生資助事務處
Working Family and Student
Financial Assistance Agency

# कार्यरत परिवार भत्ता

अप्रिल 2019 संस्करण



## आत्म-निर्भरतालाई प्रोत्साहन र अन्तर-पिढी गरिबीलाई सहजता

24-घण्टा हटलाइन
2558 3000

वेबसाइट
wfa.gov.hk

कार्यरत परिवार भत्ता कार्यालय
कार्यरत परिवार र छात्र वित्तीय सहायता निकाय
9/F, 181 Hoi Bun Road, Kwun Tong, Kowloon

## मुख्य विशेषताहरु

कार्यरत परिवार भत्ता (WFA) को लागि आवेदन परिवारको आधारमा रहेको छ (एकल परिवार सहित)। कार्यरत परिवार भत्ता योजना अन्तर्गत आवश्यक कार्य घण्टा, आम्दानी र सम्पत्ति सिमा पूरा गर्ने परिवारले आधारभूत भत्ता, मध्यम भत्ता र उच्चत्तम भत्ताको लागि आवेदन दिन सक्नेछन्। प्रत्येक योग्य बच्चा पनि बाल भत्ताको लागि योग्य हुनेछ। परिवारको आम्दानीको आधारमा भत्ताहरू पूर्ण दर, ¾-दर वा आंशिक दरमा दिइनेछ।

आवेदनले आवेदन पेश गर्नु अघिको तत्काल पछिल्लो ६ क्यालेन्डर महिनाको अवधिलाई दाबी गर्छ। भत्तालाई मासिक आधारमा हिसाब गरिएको हुन्छ। परिवारलाई योग्यता मापदण्ड पूरा हुने प्रत्येक महिनाको भत्ता प्रदान गरिन्छ।

परिवारको सबै सदस्यको कार्य घण्टा समग्र रुपमा समेट्न सकिनेछ। आवेदक र उसको/उनको परिवारको सदस्यहरूले आवेदनमा एउटा भन्दा बढी कामको कार्यघण्टा पनि रिर्पोट गर्न पाउनेछन्।

एकल आमाबाब/परिवार बाहेकको परिवारहरुको सम्पूर्ण सदस्यको कार्य घण्टा मासिक रुपमा समेट्दा, कम्तिमा पनि 144 घण्टा भएमा आधारभूत भत्ताको लागि आवेदन दिन सक्नेछन्, यदि सबै सदस्यको समेटिएको कार्य घण्टा कम्तिमा पनि 168 घण्टा भएमा मध्यम भत्ताको लागि आवेदन दिन सक्नेछन् र यदि सबै सदस्यको समेटिएको कार्यघण्टा 192 घण्टा वा बढि भएमा, परिवारले उच्च भत्ताको लागि आवेदन दिन सक्नेछन्।



एकल आमाबाबु/परिवारको सदस्यको समग्र रुपमा समेटिएको मासिक कार्य घण्टा कम्तिमा **36 घण्टा** भएमा आधारभूत भत्ताको लागि आवेदन दिन सक्नेछन् । यदि समग्र रुपमा समेटिएको कार्य घण्टा कम्तिमा **54 घण्टा** भएमा परिवारले मध्यम भत्ताको लागि आवेदन दिन सक्नेछन् र यदि समग्र रूपमा समेटिएको कार्य घण्टा **72 घण्टा वा बढी** भएमा परिवारले उच्च भत्ताको लागि आवेदन दिन सक्नेछन । एकल आमाबाबु/परिवारको लागि आवेदक काम गरिरहेको र कम्तिमा पनि 15 वर्षभन्दा मुनिको एउटा बच्चासँग बसेको हुनुपर्छ ।

एकल आमाबाबु भएको परिवार र एकल आमाबाबु नभएको परिवारहरुको प्रत्येक बच्चाले WFA योजना अन्तर्गत बाल भत्ता प्राप्त गर्न सक्छन् । योग्य बच्चा 15 बर्ष भन्दा मुनिको हुनुपर्छ वा 15 देखि 21 वर्ष बीचको हुनुपर्छ जसले पूर्ण समय शिक्षा (तर उच्च माध्यमिक शिक्षा भने होइन) प्राप्त गर्दै गरको हुनुपर्छ ।



| मसिक कार्य घण्टा (घण्टा) | प्रत्येक परिवारको लागि मासिक भत्ता | प्रत्येक बालकको लागि बाल भत्ता |
|---|---|---|
| 144 देखि 168 भन्दा कम (एकल आमाबाबु नभएको परिवारहरु)<br>36 देखि 54 भन्दा कम (एकल आमाबाबु भएको परिवारहरु) | पूण-दर आधारभूत भत्ता: $800<br>¾-दर आधारभूत भत्ता: $600<br>आधा-दर आधारभूत भत्ता: $400 | पूण-दर आधारभूत भत्ता: $1,000<br>¾-दर आधारभूत भत्ता: $750<br>आधा-दर आधारभूत भत्ता: $500 |
| 168 देखि 192 भन्दा कम (एकल आमाबाबु नभएको परिवारहरु)<br>54 देखि 72 भन्दा कम (एकल आमाबाबु भएको परिवारहरु) | पूण-दर मध्यम भत्ता: $1,000<br>¾-दर मध्यम भत्ता: $750<br>आधा-दर मध्यम भत्ता: $500 | |
| 192 वा बढि (एकल आमाबाबु नभएको परिवारहरु)<br>72 वा बढि (एकल आमाबाबु भएको परिवारहरु) | पूण-दर उच्चतम भत्ता: $1,200<br>¾-दर उच्चतम भत्ता: $900<br>आधा-दर उच्चतम भत्ता: $600 | |



आवेदकले WFA भत्ता योग्यताको प्रारम्भिक आंकलन र भत्ताको कुल जम्माको लागि *wfa.gov.hk* मा भएका **WFA क्यालकुलेटरको** प्रयोग गर्न सक्छन् ।

## आय र सम्पत्ति सिमा अप्रिल 2018 देखि मार्च 2019 सम्म दाबी गरिएको महिनाहरुमा लागु हुन[1]:

| परिवारको सदस्यहरूको संख्या | पूर्ण-दर भत्ताको लागि परिवारको मासिक माथिल्लो आय सिमाहरू [2] | ¾- दर भत्ताको लागि परिवारको मासिक माथिल्लो आय सिमाहरू [3] | आंशिक-दर भत्ताको लागि परिवारको मासिक माथिल्लो आय सिमाहरू [4] | वभिन्न भत्ताहरुको लागि परिवारको सम्पत्ति सिमाहरू |
|---|---|---|---|---|
| 1 व्यक्ति | $9,000 | $10,800 | $12,600 | $249,000 |
| 2 व्यक्तिहरु | $13,700 | $16,400 | $19,200 | $338,000 |
| 3 व्यक्तिहरु | $16,100 | $19,300 | $22,500 | $440,000 |
| 4 व्यक्तिहरु | $20,100 | $24,100 | $28,100 | $514,000 |
| 5 व्यक्तिहरु | $21,100 | $25,300 | $29,500 | $571,000 |
| 6 व्यक्तिहरु | $23,100 | $27,800 | $32,400 | $618,000 |

## आय र सम्पत्ति सिमा अप्रिल 2019 देखि मार्च 2020 सम्म दाबी गरिएको महिनाहरुमा लागु हुन[1]:

| परिवारको सदस्यहरूको संख्या | पूर्ण-दर भत्ताको लागि परिवारको मासिक माथिल्लो आय सिमाहरू [2] | ¾- दर भत्ताको लागि परिवारको मासिक माथिल्लो आय सिमाहरू [3] | आंशिक-दर भत्ताको लागि परिवारको मासिक माथिल्लो आय सिमाहरू [4] | वभिन्न भत्ताहरुको लागि परिवारको सम्पत्ति सिमाहरू |
|---|---|---|---|---|
| 1 व्यक्ति | $9,600 | $11,500 | $13,400 | $257,000 |
| 2 व्यक्तिहरू | $14,500 | $17,400 | $20,300 | $348,000 |
| 3 व्यक्तिहरू | $17,500 | $21,000 | $24,500 | $454,000 |
| 4 व्यक्तिहरू | $21,600 | $25,900 | $30,300 | $530,000 |
| 5 व्यक्तिहरू | $22,400 | $26,900 | $31,400 | $589,000 |
| 6 व्यक्तिहरू | $23,300 | $27,900 | $32,600 | $637,000 |

*6 भन्दा बढि व्यक्तिहरू भएका परिवारका लागि आम्दानी र सम्पत्ति सीमाको जानकारी wfa.gov.hk मा उपलब्ध छ ।*

*नोट:*

1. *आम्दानी र सम्पत्ति सिमा हरेक बर्षको 1 अप्रिलमा समायोजित गरिन्छन् ।*
2. *पूर्ण दर भत्ताको लागि आर्थिक रुपले सक्रिय रहेको परिवारको मासिक आयको माथिल्लो सिमा औसत मासिक घरेलु आयको 50% सम्म निर्धारित गरिएको छ ।*
3. *¾-दर भत्ताको लागि आर्थिक रुपले सक्रिय रहेको परिवारको मासिक आयको माथिल्लो सिमा औसत मासिक घरेलु आयको 50% भन्दा बढि तर 60% भन्दा कममा निर्धारित गरिएको छ ।*
4. *आधा-दर भत्ताको लागि आर्थिक रुपले सक्रिय रहेको परिवारको मासिक आयको माथिल्लो सिमा औसत मासिक घरेलु आयको 60% भन्दा बढि तर 70% भन्दा कममा निर्धारित गरिएको छ ।*

## आवेदकहरूले ध्यान दिनुपर्ने कुराहरू

### कार्य घण्टामा निम्न कुरा समावेश छन्:

- आवेदक र परिवारको अरू सदस्य जसको कार्य घण्टा WFA आवेदनमा समेटिएको छ (रोजगार वा स्व-रोजगार) तिनीहरुद्वारा गरिएको भुक्तान प्राप्त कामको कार्य घण्टाहरू
- भुक्तानी पाइने छुट्टि र अनुपस्थिति जस्तै विरामी बिदा र सुत्केरी बिदाबाट प्राप्त कार्य घण्टाहरू

### पारिवारिक आम्दानीमा निम्न कुरा समावेश छन्:

- ज्यालाहरू (कर्मचारीहरूको अनिवार्य सञ्चय कोष योजनामा गर्नु पर्ने अनिवार्य योगदानको कटौति पश्चात) प्रदान गरिएको सेवाहरू दिए वापत प्राप्त शुल्क, व्यवसायबाट नाफाहरू, भाडाबाट प्राप्त आम्दानी, इत्यादि ।
- सरकारद्वारा प्रदान गरिएका निम्न सहायताहरू:
  - ✔ परिवारको सदस्यहरूद्वारा व्यक्तिगत - आधारमा काम प्रोत्साहन परिवहन सहायता (WITS) बाट प्राप्त भत्ताहरु
  - ✔ पाइलट भत्ता योजना अन्तर्गत प्राप्त भत्ता जस्तै कम आय भएको परिवारहरुको लागि वृद्धहरूको हेरचाहको लागि भत्ता
  - ✔ पाइलट भत्ता योजना अन्तर्गत प्राप्त भत्ता जस्तै कम आय भएको परिवारहरूको लागि अशक्तहरूको हेरचाहको लागि भत्ता

### परिवारहरुको सम्पत्तिहरुमा निम्न कुरा समावेश छन:

- जग्गा जमिन, भू-सम्पत्ति (आफूले ओगटेको सम्पत्तिहरु बाहेक), सवारी/ पानी जहाज, ट्याक्सी/सार्वजनिक बसको इजाजत पत्र, लगानी, जारी शेयर/व्यवसाय, बैकमा जम्मा गरिएको सम्पत्ति/नगद, इत्यादि ।

### अन्य विषयवस्तुहरु:

- निम्न लिखित कुराहरुलाई एकै महिनामा WFA सँग समवर्तीरुपमा पाउन सकिँदैन:
  - ✘ व्यापक सामाजिक सुरक्षा सहायता (CSSA)
  - ✘ व्यक्तिगतरुपमा-आधारित WITS (WFA आवेदक र अन्य परिवारको सदस्यहरु जस्को कार्य घन्टा WFA मा आवेदन दिँदा समेटिएको छ, तिनीहरुमा लागु हुनेछ )

  *[नोट: परिवारको सदस्यहरु जसको कार्य घण्टा WFA मा आवेदन दिँदा समेटिएको छैन, तिनीहरुले पनि व्यक्तिगतरुपमा-आधारित WITS मा आवेदन दिन सक्नेछन् । ]*

- योग्य परिवारको प्रत्येक सदस्य हङकङमा बसेको हुनुपर्छ। सामान्यतया परिवार भन्नाले नजिकको आर्थिक सम्बन्ध र एउटै परिसरमा बसेको सदस्यहरु भन्ने बुझाउँछ।
- १ एप्रिल २०१९ देखी लागु हुने गरी, ध्ब्लाई सार्वजनिक बहाली निवासी आवेदकको आयको हिसाबबाट अलग गरिएको छ।

## आवेदन प्रबन्ध

- दाबी समयावधि आवेदन पेश गर्नु अघिको तत्काल पछिल्लो ६ क्यालेण्डर महिनाको हुन्छ। एउटा योग्य परिवारले दाबी समय अवधिको प्रत्येक ६-क्यालेण्डर-महिनाको आवेदन बुझाउनु पर्छ। दाबी अवधिहरु गाभिनु हुँदैन।
- यदि WFA आवेदकको परिवारको सदस्यले एउटै महिनामा व्यक्तिगतरुपमा-आधारित WITS मा आवेदन दिने विचार गरेमा, कृपया दुवै फारम एकै साथ बुझाउनुहोला जसले गर्दा कार्यरत परिवार भत्ता कार्यालय (WFAO) द्वारा एकै चोटि फारम प्रशोधन गर्न सजिलो हुन्छ।

## आवेदन प्रक्रिया

### आवेदन दस्तावेजहरु वितरण हुने स्थानहरु

आवेदन दस्तावेजहरु wfa.gov.hk वा निम्न स्थानहरूमा उपलब्ध छन:

- कार्यरत परिवार र विद्यार्थी वित्तीय सहायता एजेन्सी (WFSFAA) को WFAO
- WFSFAA को विद्यार्थी वित्तीय कार्यालय
- रोजगार केन्द्र र श्रम विभागको उद्योग आधारित भर्ती केन्द्र
- जिल्ला सामाजिक कल्याण कार्यालय, सामाजिक सुरक्षा फिल्ड इकाई र सामाजिक कल्याण विभागको एकिकृत परिवार सेवा केन्द्र
- गृह मामिला विभागको गृह मामिला सोधपुछ केन्द्रहरू

## आवेदनहरुको पेशी

आवेदकले काम गरेको घण्टा, परिवारको आम्दानी र सम्पत्ति, इत्यादिलाई विशेष रुपले डिजाइन गरिएको खाममा राखेर कागजाति प्रमाणको साथमा आवेदन फारामलाई पूरा भरेर पेश गर्न सक्छन:

**हुलाकद्वारा:**

PO Box No. 62600 Kwun Tong Post Office
[Working Family Allowance Office of the
Working Family and Student Financial Assistance Agency]

**निम्न स्थानहरुमा खसाल्ने बाकसहरुको प्रयोग गर्न सक्नुहुन्छ:**

- WFSFAA को WFAO
- WFSFAA को विद्यार्थी वित्तीय कार्यालय
- श्रम विभागको रोजगार केन्द्रहरू
- समाज कल्याण विभागको जिल्ला समाज कल्याण कार्यालयहरू

## आवेदनहरुको सूचना

आवेदन पत्र पाईसकेपछि, WFAO ले SMS वा हुलाकद्वारा आवेदकलाई स्वीकृति रसिद पठाउनेछ।

आवेदकहरूलाई आवेदन प्रक्रिया पूरा भइसकेपछि आवेदनको परिणाम सूचित गरिनेछ।

# कागजात प्रमाणको उदाहरणहरू

## कार्य घण्टा

- रोजगार सम्झौताहरू
- उपस्थिति रेकर्ड
- रोजगार दाताको काम गर्ने घण्टाको प्रमाणपत्र

## परिवारको आम्दानी

- भुक्तानी पर्चीहरू
- तलबको रसिदहरू
- रोजगार सम्झौताहरू
- बैंकको विवरणहरु वा पासबुकहरू
- रोजगारदाताको आम्दानी प्रमाणपत्रहरू

## परिवारको सम्पत्तिहरु

- बैंकको विवरणहरु वा पासबुकहरू
- बीमाका नीति विवरणहरू
- लगानीको विवरणहरू
- सवारी वा पानी जहाज दर्ताको कागजातहरू

